कृषि तथा वन विज्ञान विश्वविद्यालय

# कृषि संकाय

डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन : ०५६-५९२४३६/५९२४१२/५९१०२१/५९२४४८/ ०१-४४७८४४८

मितिः २०७४/१०/१८

## कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना फारम Online भर्ने सम्वन्धी सूचना

शैक्षिक सत्र २०७४/०७५ का लागि यस संकाय अन्तर्गत प्राकृतिक स्रोत व्यवस्थापन कलेज, टिकापुर, कैलाली र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पाखीबास, धनकुटामा कृषि स्नातक **(B.Sc.Ag.)** तहमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट आवेदन माग गरिएको छ । साथै उक्त तहको भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले **Online** आवेदन फारम साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र **(Equivalence Certificate),** विभिन्न कोटा अन्तर्गत निवेदन दिन चाहेमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र साथै बैंक भौचरको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति **Scanning** गरी संलग्न गर्नु पर्नेछ ।

१) **आवश्यक न्युनतम शैक्षिक योग्यता :** एस. एल. सी. वा सो सरहको परीक्षा उर्त्तीण भई आई.एस्सी (विज्ञान/कृषि), १०+२ विज्ञान/कृषि वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, बायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको गणित एवं फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% अङ्क प्राप्त गरि उर्त्तीण भएको हुनुपर्नेछ । योग्यता नपुगी आवेदन फारम भरेमा सो आवेदन अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

२) आवेदन फारम र प्रवेश परीक्षाको शुल्क १ स्थानको लागि रु. २५००।- र २ स्थानको लागिरु. ३,०००।- प्रभु बैंक लिमिटेड, नारायणगढको कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवनको नाममा रहेको **Call Deposit** नं. ०१७११६००६९२७६३००००१ मा रकम जम्मा गर्नुपर्नेछ ।

३) **आवेदन फारम भर्ने अवधिः** मिति २०७४ माघ १९ गते देखि २०७४ फागुन ३ गते सम्म यस विश्वविद्यालयको वेभसाइट **www.afu.edu.np** बाट **Online** आवेदन फारम भर्न सकिनेछ ।

४) संलग्न हुनुपर्ने आवश्यक कागजपत्रहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर समेत अनिवार्य रुपमा **Online Application** को साथमा बुझाउनु पर्नेछ । **Online Application** बाहेक अन्य माध्यमबाट पठाएको आवेदन फारम तथा अन्य कागजपत्रहरु उपर कुनै कार्यवाही गरिने छैन । साथै कुनै कारणवस कुनै कागजपत्र नपुगेमा बैंकमा जम्मा गरेको रकम फिर्ता हुनेछैन ।

५) **प्रवेश पत्र वितरण मिति र स्थानः** २०७४ फागुन ७ बिहान ७:०० बजे देखि १०:०० बजेसम्म ।डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन र डीनको कार्यालयले निर्धारण गरेको परीक्षा केन्द्रहरु ।

६) **प्रवेश परीक्षा हुने मिति र स्थानः** २०७४ फागुन ७ गते सोमबार विहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन र डीनको कार्यालयले निर्धारण गरेको स्थानहरु ।

७) **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्क ८०%, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यता क्रमको सूचि तयार गरी योग्यताक्रम **(Merit)** अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उर्त्तीणाङ्क ५०% हुनेछ ।

८) प्रमाणपत्र तहको पाठ्यक्रमवाट निम्न बिषयहरुबाट कुल ८० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सबै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम **(Multiple Choice Objective Type)** को हुनेछ । साथै परीक्षा अवधि एक (१) घण्टाको हुनेछ ।

क) अग्रेजी-१२   ख) केमेष्ट्री-१२   ग) फिजिक्स-१२   घ) बोटानी-१२

ङ) जुलोजी-१२   च) गणित-१२ र   छ) सामान्य ज्ञान एवं कृषि-८

९) पाँच विकास क्षेत्र, दलित, जनजाती, मधेशी, अपाङ्ग, शहिद परिवार, द्वन्द पिडित, छात्रा, स्टाफ, कलेज विकास कोष **(CDF)** र स्थानीय कोटाका विद्यार्थीहरुको लागि तपशिल बमोजिमसंख्या निर्धारण गरिएको छ । पाँच विकास क्षेत्रको

क्षेत्रीय कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यामिक विद्यालयवाट एस.एल.सी. परीक्षा उर्त्तीण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुँदा उक्त कोटामा भर्ना हुन ईच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. उर्त्तीण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्वन्धित जिल्ला शिक्षा कार्यालय वा सम्वन्धित स्थानीय निकाय (महा/उप/नगरपालिका वा गाउपालिका) कार्यालयको सिफारिश पत्र पेश गर्नुपर्नेछ । क्षेत्रीय कोटा अर्न्तगत पढ्नको लागि स्थायी ठेगाना र अध्ययन गरेको सामुदायिक विद्यालय एकै विकास क्षेत्र अन्तरगतको हुनु पर्नेछ । अन्यथा त्यस्ता निवेदन उपर कुनै कार्यवाही हुने छैन । छात्रा कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले कोटाका लागि निम्नानुसार सम्बन्धित निकायको प्रमाण सहित तोकिएको ढाँचामा नियमानुसारको प्रमाणपत्र वा सिफारिश पत्र **Online** बाट नै आवेदन दिनुपर्नेछ तर अपाङ्ग कोटाको लागि वर्ग र योग्यताक्रमको समेत आधारमा भर्नाको लागि छनौट गरिनेछ ।

तपशिलः

क) क्षेत्रीय कोटाः सम्वन्धित जिल्लाको जिल्ला शिक्षा कार्यालय/सम्वन्धित स्थानीय निकाय (महा/उप/नगरपालिका वा गाउपालिका)

ख) दलित कोटाः राष्ट्रिय दलित आयोग ।

ग) मधेशी कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।

घ) जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ ।

ङ) अपाङ्ग कोटाः बालवालिका महिला तथा समाज कल्याण मन्त्रालय ।

च) शहिद परिवार कोटाः आवेदकको नाता (श्रीमान, श्रीमति, छोरा छोरी) प्रमाणित हुने सिफारिश पत्रसम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

छ) द्वन्द पिडित परिवार कोटाः आवेदकको नाता (श्रीमान, श्रीमति, छोरा छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

ज) स्टाफकोटाः सम्वन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता (श्रीमान, श्रीमति, छोरा, छोरी) प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

झ) स्थानीय कोटाः कलेजहरु अवस्थित स्थानीय निकाय (महा/उप/नगरपालिका वा गाउँपालिका) ।

१०) टिकापुर, कैलालीको लागि ५२ र पाखीबास, धनकुटाको लागि ५२ जना विद्यार्थी भर्ना लिइनेछ । विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थावाट **MOU** भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिने छैन । सम्पूर्ण कोटाहरुको भर्ना प्रवेश परीक्षाको योग्यताक्रम **(Merit)** को आधारमा हुनेछ ।

तपशिलः कोटा विवरण

| क्र.सं. | विवरण | टिकापुर, कैलाली | पाखीबास, धनकुटा |
|---|---|---|---|
| १ | मेरीट | २१ | २१ |
| २ | विकास क्षेत्र | ५ | ५ |
| ३ | दलित | १ | १ |
| ४ | जनजाती | १ | १ |
| ५ | मधेशी | १ | १ |
| ६ | अपाङ्ग | १ | १ |
| ७ | शहीद परिवार | १ | १ |
| ८ | द्वन्द पिडित | १ | १ |
| ९ | छात्रा | ३ | ३ |
| १० | सहुलियत शुल्क स्टाफ कोटा | १ | १ |
| ११ | पूर्ण शुल्कस्टाफ | १ | १ |
| १२ | पूर्ण शुल्क **CDF** | १३ | १३ |
| १३ | पूर्ण शुल्क स्थानीय कोटा | २ | २ |

११) आवेदन फारम भर्दा निम्न लिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी **Online Application** संगै बुझाउनु पर्नेछ ।

क) आवेदन फारम, हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति र यसको साथमा बैंक भौचर

ख) नेपाली नागरिकताको प्रमाणपत्र

ग) एस.एल.सी. परीक्षाको मार्कसिट

घ) प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट

ङ) समानस्तर निर्धारणको प्रमाण पत्र

च) कोटाहरुमा आवेदन दिन चाहेमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र ।

१२) भर्ना हुँदा सम्पूर्ण प्रमाणपत्रहरुको (नेपाली नागरिकताको प्रमाणपत्र, एस.एल.सी. परीक्षाको मार्कसिट तथा चारित्रिक प्रमाण पत्र, प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाण पत्र, तहको मुल प्रमाणपत्र वा **Provisional Certificate**, समानस्तर निर्धारणको प्रमाण पत्र र कोटाहरुमा नामवली प्रकाशित भएमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र) सक्कलै प्रति अनिवार्य रुपमा बुझाउनु पर्नेछ । साथै उक्त प्रमाणपत्रहरु (नेपाली नागरिकताको प्रमाणपत्र बाहेक) यस संकाय र अन्तर्गतका कलेजहरुमा पहिलो सत्र **(First Semester)** अवधि भर रखिनेछ । उक्त अवधि भित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरी सो प्रमाणपत्रहरु लिन पाउने छैनन् । साथै माथि उल्लेखित कागजपत्रहरु मध्ये कुनै नपुगेमा सो विद्यार्थीको भर्ना लिईनेछैन ।

१३) पूर्ण शुल्क स्टाफ कोटा, **CDF** र स्थानीय कोटा मा भर्ना हुने विद्यार्थीहरुको लागि भर्ना शुल्क रु. १,७०,०००।- (एक लाख सत्तरी हजार) कायम गरिएको छ । उक्त शुल्क मध्येको पहिलो किस्ता शुल्क रु. १,००,०००।- पहिलो सत्रमा भर्ना हुँदा नै बुझाउनु पर्नेछ र दोस्रो किस्ता रु.७०,०००।- तेस्रो सत्रको भर्नाको समयमा बुझाउनु पर्नेछ ।

१४) प्रवेशपत्र लिन आउदा **Confirmation Letter**, बैंक भौचर र नागरिकता प्रमाणपत्रको सक्कल प्रति लिई आउनु पर्नेछ ।

१५) २०७४ फागुन ८ गते बाट भर्ना प्रक्रिया शुरु हुनेछ ।

१६) आवेदकले आवेदन फारममा भरेको कलेजको प्राथमिकता र योग्यताक्रम **(Merit)** को आधारमा भर्नाको लागि नामवली प्रकाशित गरिनेछ । कुनै एक कोटा वा स्थान अन्तर्गत भर्नाको लागि नाम प्रकाशित भए पछि सोही कोटा वा स्थानमा भर्ना हुनु पर्नेछ । निजको नाम अन्य कोटा वा स्थानमा प्रकाशित गरिनेछैन ।

१७) क)भर्नाको लागि २०७४ फागुन ८ गते मेरिट, क्षेत्रीय, छात्रा, दलित, जनजाती, मधेशी, अपाङ्ग, द्वन्द पिडित तथा शहीद परिवार (स्टाफ, **CDF** र स्थानीय बाहेक) कोटाको पहिलो नामवली कलेजको प्राथमिकता र योग्यताक्रम **(Merit)** को आधारमा प्रकाशन गरिनेछ । सो नामवलीमा परेका विद्यार्थीहरुले २०७४ फागुन १० गते सम्म कार्यालय समय भित्र कृषि संकाय, डीनको कार्यालय, रामपुरमा भर्ना भै सक्नु पर्नेछ ।

ख)स्थान खाली रहन गएमा २०७४ फागुन ११ गते दोस्रो नामवली प्राथमिकता र योग्यताक्रम **(Merit)** को आधारमा प्रकाशन गरिने छ । सो नामवलीमा परेका विद्यार्थीहरुले २०७४ फागुन १३ गते सम्म कार्यालय समय भित्र कृषि संकाय, डीनको कार्यालय, रामपुरमा भर्ना भै सक्नु पर्नेछ ।

ग) स्थान खाली रहन गएमा २०७४ फागुन १४ गते तेस्रो तथा अन्तिम नामवली प्राथमिकता र योग्यताक्रम **(Merit)** को आधारमा प्रकाशन गरिने छ । सो नामवलीमा परेका विद्यार्थीहरुले २०७४ फागुन १६ गते सम्म कार्यालय समय भित्र कृषि संकाय, डीनको कार्यालय, रामपुरमा भर्ना भै सक्नु पर्नेछ ।

१८) स्टाफ **CDF** र स्थानीय कोटाहरुको नामवली योग्यताक्रम **(Merit)** कै आधारमा पछि प्रकाशित गरिनेछ ।

१९) यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामवलीबाट पनि निर्धारित कोटाहरु रिक्त रहन गएमा सबै रिक्त कोटाहरुलाई **CDF** कोटामा समवेश गरी भर्ना लिईनेछ ।

२०) भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको व्यवस्था गर्न कलेज प्रशासन वाध्य हुने छैन ।

डीन
कृषि संकाय

**वेभसाइट :**www.afu.edu.np **सम्पर्क कार्यालय:**नयाँबानेश्वर काठमाण्डौं (०१-४४७८४४८)फ्याक्स नं.: ०१-४४७८४४८**केन्द्रिय कार्यालय:**फोन नं. : ०५६-५२०६०२, फ्याक्स नं. : ०५६-५२६०१४**डीनको कार्यालय:** ०५६-५९२४३६/५९२४१२/५९११३९